नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

मिति :- २०७८/११/२३

## चिकित्सा शिक्षा स्नातकोत्तर तहका खुलातर्फका सिटहरूमा म्याचिङ (matching) प्रणालीबाट विद्यार्थी छनौटका लागि प्राथमिकता निर्धारण (priority setting) गर्ने सम्बन्धी सूचना ।

चिकित्सा शिक्षा स्नातकोत्तर तहको मिति २०७८/१०/०८, ९ र १० गते सञ्चालन भएका विभिन्न शैक्षिक कार्यक्रमहरूको प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेका उम्मेदवारहरूले म्याचिङ (matching) प्रणालीद्वारा भर्ना प्रक्रियाको लागि चिकित्सा शिक्षा आयोगको वेबपोर्टल https://entrance.mec.gov.np मार्फत प्राथमिकता निर्धारण (priority setting) गरी शिक्षण संस्था वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम" छनौट गर्नका लागि" चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाको म्याचिङ प्रणालीसम्बन्धी कार्यविधि ,२०७८ (संशोधन सहित)" बमोजिम यो सूचना प्रकाशित गरिएको छ साथै नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गतको स्पेसियालिटी (NBMS-S) शैक्षिक कार्यक्रमका लागि पनि यसै म्याचिङ प्रक्रिया मार्फत भर्ना गरिने जानकारी गराइन्छ ।

**प्राथमिकता निर्धारण (priority setting) एकपटक मात्र गराइने** भएको हुनाले योग्यताक्रमको सूचीमा रहेका उम्मेदवारहरूले अनिवार्य रूपमा प्राथमिकता निर्धारण (priority setting ) गर्नुपर्ने छ ।

**म्याचिङ (Matching) प्रणालीका लागि प्राथमिकता निर्धारण (priority setting) गर्ने प्रक्रिया** :

१. एकीकृत प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेका उम्मेदवारहरूले https://entrance.mec.gov.np मा ब्राउज (browse) गरी "Check your Status" मा रहेको MECEE-PG 2021 बटनमा क्लिक गर्नुपर्नेछ ।

२. प्रवेश परीक्षामा सामेल हुँदाका वखत आफूले परीक्षा फाराममा भरेका विवरणहरू (Nationality, Level, Program, Contact number, Date of birth, Voucher number) भरी "Search your status" बटन क्लिक गर्नुपर्नेछ ।

३. सम्बन्धित उम्मेदवारको प्रोफाइल खुलेपछि त्यहाँ रहेको "Set College-Program Priority" बटनमा क्लिक गर्नुपर्नेछ ।

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।

४. यस सूचनामा र शैक्षिक संस्था छनौट गर्नका लागि अनलाइनमा दिइएका जानकारीहरू राम्रोसँग अध्ययन गरेर मात्र प्राथमिकता निर्धारण गर्नुपर्नेछ । सिट सङ्ख्या र शैक्षिक संस्थासम्बन्धी जानकारीका लागि Top menu मा रहेको Seat distribution मेनुमा क्लिक गर्नुपर्नेछ । एकभन्दा बढी शैक्षिक कार्यक्रमको योग्यता सूचीमा रहेका उम्मेदवारले प्रत्येक शैक्षिक कार्यक्रमका लागि छुट्टाछुट्टै प्राथमिकता निर्धारण गर्नुपर्ने छ ।

५. "Add College" मा क्लिक गरेपछि drop-down menu मा सम्बन्धित शैक्षिक संस्थाहरूको मेनु देखाउने छ । उक्त मेनुबाट **एक वा एक भन्दा बढी शिक्षण संस्था वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम"** को प्राथमिकताक्रम निर्धारण गर्नुपर्नेछ । त्यहाँ रहेको "Insert below" र "Insert above" बटनको प्रयोग गरी उम्मेदवार स्वयमले प्राथमिकताक्रम थप्न/सच्याउन सकिनेछ । उम्मेदवारले एक वा एक भन्दा बढी College-Program प्राथमिकता छनौट गर्न सकिने व्यवस्था गरिएको छ । उम्मेदवारले प्राथमिकता निर्धारण गरिसकेपछि "Save college program priority" बटनमा क्लिक गर्नुपर्ने छ ।

६. उम्मेदवारको योग्यताक्रम र प्राथमिकता छनौटको आधारमा म्याचिङ भै भर्ना सूचीमा परिसकेपछि उक्त उम्मेदवारलाई अन्य कार्यक्रमहरूको योग्यताक्रममा परेको अवस्थामा पनि अन्य कार्यक्रमहरू समेतको सूचीबाट हटाई अन्य उम्मेदवारहरूका लागि म्याचिङ प्रक्रिया सञ्चालन गरिने छ । अत: आफूले अध्ययन गर्न नचाहेको विषय र कलेज छनौट नगर्न सुचित गरिन्छ ।

७. यस सूचनामा निर्धारित गरेको समयसिमाभित्र आफूले चयन गरेको प्राथमिकता इच्छानुसार संशोधन गर्न सकिने छ । यसरी प्राथमिकता संशोधन गरे पश्चात "Save college -program priority" क्लिक गरी सुरक्षित (save) गर्नु पर्नेछ तर निर्धारित समय समाप्त भएपश्चात फाराममा प्राथमिकता संशोधन गर्न नमिल्ने हुँदा सम्पूर्ण कार्य सावधानीका साथ गर्नुपर्ने छ ।

८. उम्मेदवारहरूले शिक्षण संस्था वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम" निर्धारण गर्न तोकिएको समय समाप्त भए पश्चात आफूले निर्धारण गरेको प्राथमिकताको कन्फर्मेसन पेज (confirmation page) डाउनलोड (download) गरी सुरक्षित राख्नु पर्नेछ ।

<u>पूर्वमनोनयन (pre-nomination) र म्याचिङसम्बन्धी व्यवस्था</u> :

१. शिक्षण संस्था वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम" छनौट गर्ने समय समाप्त भए पश्चात सर्वप्रथम उम्मेदवारको योग्यताक्रम, प्राथमिकता र उपलब्ध सिटका आधारमा कम्प्युटरमा

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

आधारित म्याचिङ (Computer-based Matching) प्रणालीबाट प्रारम्भिक म्याचिङ गरी पूर्वमनोनयनको सूची प्रकाशित गरिने छ ।

२. पूर्वमनोनयन सूचीमा नाम समावेश भएका उम्मेदवारले यस सूचनामा तलको कार्यतालिकामा निर्धारित समयभित्र आफू पूर्वमनोनयनमा परेका सिटहरूमध्ये अध्ययन गर्न स्वीकार (accept) वा अस्वीकार (withdraw) वा मनोनयन भएको शैक्षिक कार्यक्रममा अध्ययन नै नगर्ने भए परित्याग (drop) गर्न अनिवार्य रूपमा https://entrance.mec.gov.np मा ब्राउज (browse) गरी आवश्यक विवरण भरी सोको जानकारी आयोगलाई आफ्नो अनलाइन प्रोफाइल मार्फत दिनुपर्नेछ । उम्मेदवारले पूर्वमनोनयनसम्बन्धी सूचनामा उल्लिखित अवधिभित्र कुनै जानकारी नगराएमा पूर्वमनोनयन स्वत: स्वीकार गरेको मानिने छ ।

अ. स्वीकार (accept) गरी भर्नासूचीमा नाम प्रकाशन भैसकेपछि भर्ना भए वा नभएमा पनि निजको नाम अन्य सम्पूर्ण शैक्षिक कार्यक्रमको सूचीबाट हटाइने छ । साथै यस शैक्षिक सत्रको योग्यताक्रमको सूचीका आधारमा वैदेशिक अध्ययनका लागि यस आयोगबाट जारी हुने अनुमतिपत्र (eligibility) समेत उपलब्ध गराइने छैन ।

आ. अस्वीकार (withdraw) गरी मनोनयनबाट हटेका उम्मेदवारलाई हाल म्याचिङ भएको प्राथमिकताक्रमभन्दा अघिल्लो प्राथमिकताक्रमको रिक्त हुन आउने सिटमा मात्र म्याचिङ हुन सक्ने गरी पछिल्लो चरणको म्याचिङमा समावेश हुने अवसर प्रदान गरिने छ ।

इ. परित्याग (drop) गर्ने उम्मेदवारको नाम यस शैक्षिक सत्रको सम्बन्धित कार्यक्रमको सूचीबाट हटाइने छ तर नियमानुसार प्रक्रिया पूरा गरेमा वैदेशिक अध्ययनका लागि अनुमतिपत्र (eligibility) भने उपलब्ध गराउन बाधा पर्ने छैन ।

३. कुनै उम्मेदवारले पूर्वमनोनयन भएको शैक्षिक कार्यक्रममा अध्ययन गर्न अनिच्छा जारी गरी मनोनयनबाट नाम फिर्ता लिएको (withdraw) अवस्थामा म्याचिङको सूची परिवर्तन भै अवसर प्राप्त गर्ने पछिल्लो योग्यताक्रमका उम्मेदवारलाई एक दिनको समयावधिभित्र आफ्नो मनोनयन स्वीकार (accept) वा अस्वीकार (withdraw) वा परित्याग (drop) गर्ने अवसर दिइनेछ ।

४. कुनै उम्मेदवारले अस्वीकार (withdraw) गरी रिक्त हुन आउने सिटहरूमा पुनः म्याचिङ गर्दा अगाडि म्याचिङ भएको सिटभन्दा माथिल्लो प्राथमिकताक्रमको "शिक्षण संस्था" वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम" मा मात्रै म्याचिङ गरी भर्नासूची प्रकाशित गरिने छ ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

५. एकभन्दा बढी शैक्षिक कार्यक्रममा पूर्वमनोनयनमा परेको अवस्थामा सम्बन्धित उम्मेदवारले अध्ययन गर्न सहमत भएको कुनै एक सिट स्वीकार गरी अन्य शैक्षिक कार्यक्रमहरू अनिवार्यरूपमा परित्याग गर्नुपर्नेछ । सो वमोजिम नगरी एकभन्दा बढी शैक्षिक कार्यक्रममा पूर्वमनोनयन भएको उम्मेदवारले एकभन्दा बढी शैक्षिक कार्यक्रम स्वीकार गरेको वा कुनै पनि कार्यक्रममा अस्वीकार (withdraw) वा परित्याग (drop) नगरी एकभन्दा बढी कार्यक्रममा म्याचिङ हुनेसम्मको अवस्था हुन आएमा सबै शैक्षिक कार्यक्रमबाट निजको नाम हटाइनेछ । साथै यस शैक्षिक सत्रको वैदेशिक अध्ययनका लागि अनुमतिपत्र (eligibility) समेत उपलब्ध गराइने छैन ।

६. कुनै उम्मेदवारले पूर्वमनोनयन भएकामा अध्ययन गर्न अनिच्छा जारी गरी मनोनयनबाट नाम फिर्ता लिएको (withdraw गरेको) अवस्थामा म्याचिङको सूची परिवर्तन भई अवसर प्राप्त गर्ने पछिल्लो योग्यताक्रमका उम्मेदवारलाई एक दिनको समयावधिभित्र आफ्नो मनोनयन स्वीकार (accept) वा अस्वीकार वा परित्याग गर्ने अवसर दिइने छ । अत: आफ्नो योग्यताक्रम (rank) भन्दा निकटतम माथिल्लो योग्यताक्रममा म्याचिङ भएको रहेछ भने सो उम्मेदवारले सचेततापूर्वक पूर्वमनोनयनको सूचना अनुसरण (follow) गर्न अनुरोध गरिन्छ ।

७. स्वीकार (accept) गरिसकेपछि भर्ना भए वा नभएमा पनि निजको नाम सम्पूर्ण कार्यक्रम र समूहको सूचीबाट हटाइनेछ । अस्वीकार (withdraw) गरी मनोनयनबाट हटेका उम्मेदवारहरूलाई हाल म्याचिङ भएको सिटभन्दा माथिल्लो प्राथमिकताक्रममा मात्र म्याचिङ हुन सक्ने गरी पछिल्लो चरणको म्याचिङमा समावेश हुने अवसर प्रदान गरिनेछ ।

**<u>शिक्षण संस्था वा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम" को प्राथमिकता निर्धारण गर्ने (priority setting) तथा म्याचिङ (Matching) को कार्यतालिका</u> :**

**प्राथमिकता निर्धारण (priority setting) गर्ने तथा पूर्वमनोनयन (pre-nomination) सम्बन्धी कार्यतालिका**

| SN | Particulars | Date/Time (NST) |
|---|---|---|
| 1. | Online priority setting START | 2078/11/25, 10:00 AM |
| 2. | Online priority setting CLOSE | 2078/11/28, 5:00 PM |
| 3. | Matching and pre-nomination | 2078/11/30 |
| | Last date to Accept/Withdraw/Drop | 2078/12/03, 5:00 PM |

नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

अ. पहिलो चरणको म्याचिङ (first matching) कार्यतालिका

| SN | Particulars | Date/Time (NST) |
|---|---|---|
| 1. | First pre-admission list publication | 2078/12/06 |
| | Last date to Accept/Withdraw/Drop (for new entry only) | 2078/12/07, 5:00 PM |
| 2. | The first admission list/admission (University/Academy) OPEN | 2078/12/09 |
| | Last date for admission | 2078/12/17, 5:00 PM |

आ. दोस्रो चरणको (ONLY IF REQUIRED) म्याचिङ (second matching) कार्यतालिका

| SN | Particulars | Date/Time (NST) |
|---|---|---|
| 1. | Second pre-admission list publication | 2078/12/22 |
| | Last date to Accept/Withdraw/Drop | 2078/12/23, 5:00 PM |
| 2. | The second admission list/admission (University/Academy) OPEN | 2078/12/25 |
| | Last date for admission | 2078/12/30, 5:00 PM |

इ. तेस्रो चरणको (ONLY IF REQUIRED) म्याचिङ (third matching) कार्यतालिका

| SN | Particulars | Date/Time (NST) |
|---|---|---|
| 1. | Third pre-admission list publication | 2079/01/04 |
| | Last date to Accept/Withdraw/Drop | 2079/01/05, 5:00 PM |
| 2. | The third admission list/admission (University/Academy) OPEN | 2079/01/07 |
| | Last date for admission | 2079/01/12, 5:00 PM |

**कक्षा प्रारम्भ (beginning of the session)** :

२०७९ वैशाख १५ गते (28th April, 2022) देखि कक्षा प्रारम्भ हुनेछ ।

**समापन म्याचिङ (Wrap-up matching)** :

तेस्रो चरणको भर्ना पश्चात सिट रिक्त हुन आएमा समापन म्याचिङसम्बन्धी कार्यतालिका प्रकाशित गरिने छ । प्राथमिकता निर्धारण गर्न छुट भएका वा म्याचिङको कुनैपनि भर्ना सूचीमा नपरेका वा अस्वीकार (withdraw) गरी कुनैपनि भर्ना सूचीमा नपरेका खुला समूह तर्फका उम्मेदवारहरूले उक्त समापन म्याचिङमा सहभागी हुन पाउने छन् ।

** झूठो विवरण पेश गरी म्याचिङमा परेको वा भर्ना गरेको पाइएमा त्यस्तो विद्यार्थीको भर्ना रद्द गरी प्रचलित कानुन वमोजिम कारवाही हुनेछ ।*

उपसचिव
परीक्षा निर्देशनालय